# वीरगंज महानगरपालिका

## Birgunj Metropolitan City

नगर कार्यपालिकाको कार्यालय
आदर्शनगर, वीरगंज,पर्सा
मधेश प्रदेश, नेपाल
२०७४

पत्र संख्या :२०८२/०८३
चलानी नं. :११६४

वीरगंज महानगरपालिका नगरकार्यपालिकाको कार्यालय वीरगंज,पर्सा मधेश प्रदेश (नेपाल) २०७४

मिति :२०८३/०३/०२

**हकदाबी सम्बन्धमा ।**

मिति २०८३/०१/१६ गते दिन बुधबार साँझको ३:३० बजे नारायणी अस्पतालको PICU विभागको बाहिर पेसेजमा बेवारिसे अवस्थामा रातो कपडाले बेरेर साथमा एउटा चिठ्ठी फेला परेको र सोको जानकारी नारायणी अस्पतालले जिल्ला प्रहरी कार्यालयमा जानकारी गराई निज छोरी शिशुलाई NICU मा राखी उपचार गराई राखिएको हाल शिशुको अवस्था सामान्य रहेको तथा शिशुको तौल ३.५ के.जि रहेको हँदा शिशुको आगामी दिनमा पालन पोषण ,शिक्षादिक्षा तथा संरक्षण लगायतको व्यवस्थापन गर्नु पर्ने भएको हुँदा उक्त बालिकाको अभिभावक, बाबु वा आमा, आफन्त नातेदार को हो ? भन्ने विषयमा सार्वजनिक सूचना जारी गरिएको छ । यो सूचना निस्केको ७ दिनभित्र हकदावी गर्न आउन हुन यसै सूचना मार्फत सूचित गरिन्छ । अन्यथा उक्त शिशु (छोरी) को वैकल्पिक हेरचाहको लागि कानुन बमोजिम अन्य प्रकिया अवलम्बन गरिने जानकारी गराईन्छ ।

..............................
रंजना पंडित
बाल कल्याण अधिकारी

अधिकृत छैठौं



CamScanner

# वीरगंज महानगरपालिका

**Birgunj Metropolitan City**

**नगर कार्यपालिकाको कार्यालय**

**आदर्शनगर, वीरगंज,पर्सा**

**मधेश प्रदेश, नेपाल**

२०७४

पत्र संख्या :२०८२/०८३
चलानी नं. : ९९५

मिति :२०८३/०३/०२

**हकदाबी सम्बन्धमा ।**

मिति २०८३/०१/०२ गते दिन बुधबार प्रहरीले रातीको १०:०० बजे नारायणी अस्पतालको प्रसुती वार्डमा अपाङ्गता भएको बेवारिसे गर्भवती महिला निजको अवस्था निकै गम्भीर र बच्चाको धड्कन असामान्य रहेकोले अतिशिघ्र अपरेशन गरि बच्चा निकालिएको र निज महिलाबाट जन्मिएको नवजात शिशु (छोरी) को निकै नाजुक अवस्था रहेको हुनाले शिशुलाई NICU मा राखी उपचार गराई राखिएको हाल शिशु ५६ दिनको भएको र पिडित आमाले छोरी पालन पोषण गर्न नसक्ने भनि छाडेर गएको हुँदा ,निज शिशुको अवस्था सामान्य रहेको ,शिशुको तौल ४ के.जि रहेको हँदा शिशुको आगामी दिनमा पालन पोषण ,शिक्षा दिक्षा तथा संरक्षण लगायतको व्यवस्थापन गर्नु पर्ने भएको हुँदा उक्त बालिकाको अभिभावक ,बाबु वा आमा ,आफन्त नातेदार को हो ? भन्ने विषयमा सार्वजनिक सूचना जारी गरिएको छ । यो सूचना निस्केको ७ दिन भित्र हकदावी गर्न आउनु हुन यसै सूचना मार्फत सूचित गरिन्छ । अन्यथा उक्त शिशु ( छोरी) को वैकल्पिक हेरचाहको लागि कानुन बमोजिम अन्य प्रकिया अबलम्बन गरिने जानकारी गराईन्छ ।

.......................

रंजना पंडित

बाल कल्याण अधिकारी

अधिकृत छैठौं



CamScanner

# वीरगंज महानगरपालिका
## Birgunj Metropolitan City
नगर कार्यपालिकाको कार्यालय
आदर्शनगर, वीरगंज,पर्सा
मधेश प्रदेश, नेपाल
२०७४


पत्र संख्या :२०८२/०८३
चलानी नं. : ६१६६

मिति :२०८३/०३/०२

**हकदाबी सम्बन्धमा ।**

मिति २०८३/०२/४ गते बाल हेल्पलाईन सेवा (१०९८) नेपाल मधेश प्रदेश ,बाराको प्राप्त पत्रानुसार बालबालिका सम्बन्धी ऐन२०७५ को परिच्छेद ५ को दफा (४८) को ख बमोजिम विशेष संरक्षणको आवश्यकता भएका १ बालिका बेवारिसे अवस्थामा फेला परेको हुनाले शिशुको आगामी दिनमा पालन पोषण ,शिक्षादिक्षा तथा संरक्षण लगायतको व्यवस्थापन गर्नुपर्ने भएको हुँदा उक्त बालिकाको अभिभावक ,बाबु वा आमा ,आफन्तनातेदार को हो ? भन्ने विषयमा सार्वजनिक सूचनाजारी गरिएको छ । यो सूचना निस्केको ७ दिनभित्र हकदावी गर्न आउनु हुन यसै सूचना मार्फत सूचित गरिन्छ । अन्यथा उक्त शिशु (छोरी) को वैकल्पिक हेरचाहको लागि कानुन बमोजिम अन्य प्रकिया अवलम्वन गरिने जानकारी गराईन्छ ।

.............................
रंजना पंडित
बाल कल्याण अधिकारी
अधिकृत छैठौं



CamScanner